माङसेबुङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

आर्थिक प्रशासन शाखा

इभाङ,इलाम

कोशी प्रदेश,नेपाल

प.सं: २०८०/०८१

च.नं: आ प्र १६ (क)

माङसेबुङ गाउँपालिका
इलाम
२०७३

मिति:२०८०/०४/२९

श्री सरोकारवाला सबै

विषयः सम परीक्षणका लागि आवश्यक कागजात पेश गर्ने सम्बन्धमा।

प्रस्तुत विषयमा माङसेबुङ गाउँपालिकाको आ.ब २०७९/०८० को आन्तरिक लेखा परीक्षणको प्रतिवेदन माङसेबुङ गाउँपालिकाको वेभसाईटमा प्रकाशन गरिएको ब्यहोरा जानकारी गराउँदै सो क्रममा देखिएका कैफियतलाई समपरीक्षण गर्नका लागि आवश्यक कागजात सहित आर्थिक प्रशासन शाखामा पेश गर्नुहुन अनुरोध छ।

मञ्जु भट्टराई
आर्थिक प्रशासन प्रमुख

श्री सूचना प्रविधि शाखा वेभसाइटमा अपलोड गरिदिनु हुन ।

माङसेबुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आन्तरिक लेखा परीक्षण शाखा
इभाङ, इलाम

प.सं.:०८०।८१
च.न.: ०१

कोशी प्रदेश, नेपाल
मिति : २०८०।०४।२८

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यु
माङसेबुङ गाउँ कार्यपालिकाको कार्यालय
इभाङ, इलाम

विषय: <u>आन्तरिक लेखा परीक्षण प्रतिवेदन पेश गरिएको सम्बन्धमा ।</u>

प्रस्तुत विषयमा यस कार्यालय अन्तर्गतका सम्पूर्ण विषयगत शाखा तथा वडा कार्यालयहरुको आ.व. २०७९।८० अवधि भरको आर्थिक प्रशासन शाखाबाट उपलब्ध गराएका राजस्व, विनियोजन जिन्सी तथा धरौटी लगायतका सम्पूर्ण श्रेस्ताहरुको आन्तरिक लेखा परीक्षण गरी लेखा परीक्षण प्रतिवेदन (पाना नं १७) यसै पत्रका साथ उपलब्ध गराएको व्यहोरा अनुरोध छ ।

बोधार्थ
श्री माङसेबुङ गाउँपालिका आर्थिक प्रशासन शाखा
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, इलाम
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर
श्री महालेखा नियन्त्रक कार्यालय, काठमाडौं
श्री महालेखा परीक्षकको कार्यालय, काठमाडौं

२०८०।०४।२८
डिसब कार्की
आ.ले.प. सहायक

CamScanner

माङसेबुङ गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

इभाङ, इलाम

आन्तरिक लेखा परिक्षण प्रतिवेदन

आ.व. २०७९।०८०

प्रस्तुतकर्ता

डिसब कार्की

आन्तरिक लेखा परीक्षक

डिसव कार्की
आ.ले.प. सहायक

CS CamScanner

माङसेबुङ गाँउपालिका

गाँउकार्यपालिकाको कार्यालय इभाङ, इलाम

आन्तरिक लेखापरीक्षण शाखा

आ.व. २०७९।०८० को आन्तरिक लेखापरीक्षण प्रतिवेदन

१. **कार्यालयको नाम** – माङसेबुङ गाँउपालिका, गाँउकार्यपालिकाको कार्यालय, इभाङ, इलाम

२. **कार्यालयको उद्देश्य-**

क) स्थानीय सरकार सञ्चालन

ख) स्थानीय विकास

३. **प्रमुख क्रियाकलापहरु**

- गाँउपालिकाको विकासका लागि वार्षिक, आवधिक तथा विषयगत योजना तर्जुमा
- स्थानीय सरकार सञ्चालनका लागि आवश्यक कानून तथा मापदण्डको निर्माण
- गाँउसभाबाट पारित वार्षिक कार्यक्रम सञ्चालन तथा कार्यान्वयन
- स्थानीय सरकार सञ्चालन ऐन बमोजिम स्थानीय सरकारले सम्पादन गर्नुपर्ने कार्यहरु सम्पादन गर्ने
- संघीय तथा प्रदेश सरकारबाट हस्तान्तरित आयोजना तथा कार्यक्रम सञ्चालन गर्ने

डिसब कार्की
आ.ले.प. सहायक

CamScanner

४. कार्यालय प्रमुख

- प्रमुख प्रशासकीय अधिकृत श्री डिल्लीराम सुवेदी
- प्रमुख प्रशासकीय अधिकृत श्री विनोद कुमार चौहान

५. आर्थिक प्रशासन शाखा

- अधिकृत छैठौं श्री मञ्जु भट्टराई
- लेखापाल श्री राम दुलाल

६. सञ्चालनमा रहेका खाताहरु

1) माङसेबुङ चालु खर्च खाता
2) माङसेबुङ पूँजीगत खाता
3) माङसेबुङ धरौटी खाता
4) माङसेबुङ सञ्चित कोष खाता
5) माङसेबुङ कर्मचारी कल्याण कोष खाता
6) माङसेबुङ गरिवी निवारण तथा सामाजिक परिचालन खाता
7) माङसेबुङ आन्तरिक राजस्व खाता
8) माङसेबुङ विपद व्यवस्थापन कोष खाता
9) माङसेबुङ आन्तरिक अनुदान खाता
10) माङसेबुङ वित्तीय व्यवस्थापन खर्च खाता
11) माङसेबुङ स्थानीय तह विभाज्य कोष खाता
12) माङसेबुङ विविध खर्च खाता
13) माङसेबुङ स्थानीय तह विविध कोष खाता
14) माङसेबुङ बाँडफाँडबाट प्राप्त राजस्व खाता
15) माङसेबुङ स्थानीय तह आकस्मिक कोष खाता

डिसब कार्की
आ.ले.प. सहायक

७. परीक्षण गरिएका श्रेस्ताहरु

- गोश्वारा भौचर तथा संलग्न कागजातहरु
- वैंक नगदी किताब
- खर्चको फाँटवारीहरु
- खरिद निर्णय सम्बन्धी फाइलहरु
- भुक्तानी आदेश
- सुत्रका विवरणहरु
- PAMS का विवरणहरु

८. सम्बन्धित ऐन नियम निर्देशिका तथा कार्यविधिहरु

क) संघीय कानून

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४
- उपभोक्ता संरक्षण ऐन, २०७५
- भ्रमण खर्च नियमावली, २०६४
- एकीकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या, २०७४
- नेपाल सरकारको लेखा निर्देशिका, २०७३
- समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५
- लेखापरीक्षण ऐन, २०७५
- आन्तरिक लेखापरीक्षण कार्यविधि, २०७९

ख) प्रादेशिक कानून

डिसब कार्की
आ.ले.प. सहायक

CamScanner

- प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५
- प्रदेश आर्थिक ऐन, २०७९
- प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५
- प्रदेश बजार अनुगमन नियमावली, २०७६
- प्रदेश सहकारी ऐन, २०७६

ग) स्थानीय कानून

- आर्थिक ऐन, २०७९
- विनियोजन ऐन, २०७९
- गाँउपालिका स्तरीय महिला समन्वय समिति सञ्चालन कार्यविधि, २०७५
- सहकारी ऐन, २०७४
- माङसेबुङ गाँउपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७७
- कृषि उत्पादन प्रोत्साहन कार्यविधि, २०७९
- माङसेबुङ गाँउपालिकाको साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९
- संस्थागत रुपमा आर्थिक सहायता उपलब्ध गराउन बनेको मापदण्ड, २०७९

९) लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

लेखापरीक्षणको सिमा

माङसेबुङ गाँउपालिकाबाट पेश भए सम्मका आ.व. २०७९।०८० को वित्तीय विवरणसँग सम्बन्धित आर्थिक कारोबारहरुको श्रेस्ताको स्थलगत रुपमा आन्तरिक लेखापरीक्षण सम्पन्न गरिएको छ । प्रचलित कानून बमोजिम वित्तीय विवरणको तयारी र यथार्थ

डिसब कार्की
आ.ले.प. सहायक

विवरणको तयारी र यथार्थ परीक्षण गर्नु यस पालिकाको व्यवस्थापनको उत्तरदायित्व हो । आन्तरिक लेखापरीक्षणको लागि प्रस्तुत आर्थिक कारोबार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी यस गाँउपालिकाको व्यवस्थापन पक्षमा निहित रहेको छ । यस गाँउपालिकाको व्यवस्थापनले तयार गरी पेश भएका वित्तीय विवरणहरु उपर आन्तरिक लेखापरीक्षणको आधारमा आफ्नो राय जारी गर्नु आन्तरिक लेखापरीक्षकको जिम्मेवारी हो । कार्यालयको व्यवस्थापनले तयार गरी आन्तरिक लेखापरीक्षणका लागि उपलब्ध गराएका वित्तीय विवरणसँग सम्बन्धित आय व्ययका अभिलेखहरु र ति अभिलेखहरुलाई पुष्टायाई गर्ने गोश्वारा भौचरसँग सम्बन्धित कागजातको कार्यालयबाट तयार भएको सारांश तेरिज निर्णय आदेश आदिलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न भएको छ ।लेखापरीक्षण सिमा साथै विविध समस्याका कारण गाँउपालिकाबाट सञ्चालन भएका अधिकांश योजनाहरुको स्थलगत निरीक्षण तथा भौतिक परीक्षण गरिएको छैन ।

मर्मत सम्भार अभिलेख

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ अनुसार कार्यालयको स्वामित्वमा रहेका चल्ती मेशिन र सवारी साधनको मर्मत गर्दा लागत अनुमान स्वीकृत गरी सोको अभिलेख मर्मत सम्भार अभिलेख खातामा अध्यावधिक गरी राख्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले सवारी साधन तथा ल्यापटप, प्रिन्टर, कम्प्युटर लगायतका मेशिनरी सामानको मर्मत गर्दा लागत अनुमान स्वीकृत नगरेको साथै सो को अभिलेख मर्मत सम्भार अभिलेख खातामा चढाउने गरेको नदेखिएकोले अध्यावधिक गर्नुपर्ने देखिएको ।

वार्षिक खरिद योजना

डिसब कार्की
आ.ले.प. सहायक

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ मा सार्वजनिक निकायले वार्षिक १० लाख रुपैयाँ भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आ.व. को अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आ.व. मा गर्ने वार्षिक खरिद योजना तयार गर्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले सो नगरेको देखिएकाले अनिवार्य रुपमा वार्षिक खरिद योजना तयार गर्नुपर्ने देखिएको ।

सोझै खरिद सम्बन्धी व्यवस्था

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी १० लाख भन्दा कम लागत अनुमान भएको मालसामान, साथै सोही **नियमावलीको नियम ७२** मा मौजुदा सूचीमा रहेका परामर्शदाताबाट लिखित रुपमा आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरी २० लाख भन्दा कम लागत अनुमान भएको परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था रहेको छ । कार्यालयमा विभिन्न किसिमका मेशिनरी औजार उपकरण, जिन्सी तथा मसलन्द सामग्री विभिन्न मितिमा खरिद गरिएको देखिएको छ । यसरी टुक्रा टुक्रा पारेर खरिद गर्दा प्रतिष्पर्धात्मक मूल्यमा गुणस्तरीय सामग्री प्राप्त हुन सक्ने सुनिश्चितता नरहने हुँदा अनिवार्य रुपमा सार्वजनिक खरिद कानून बमोजिम हुनुपर्ने देखिन्छ ।

तलबी प्रतिवेदन

राष्ट्रिय किताबखाना (शिक्षक), शिक्षा विकास तथा समन्वय इकाइ, इलाम साथै कोष तथा लेखा नियन्त्रक लगायतका तालुक निकाय तथा कार्यालयबाट प्राप्त विभिन्न समयमा प्राप्त परिपत्र तथा निर्देशन बमोजिम सामुदायिक विद्यालयहरुमा कार्यरत स्थायी शिक्षकको तलवी प्रतिवेदन राष्ट्रिय किताबखाना (शिक्षक) ले तोकेको ढाँचामा पारित गर्नुपर्ने व्यवस्था रहेको छ ।

डिसब कार्की
आ.ले.प. सहायक

CamScanner

यस पालिकाले आ.व. २०७९।८० मा शिक्षक कर्मचारीलाई तलबी प्रतिवेदन नै पारित नगरी तलब भत्ता भुक्तानी गरेको पाइएकाले अनिवार्य पारित गरेर मात्र भुक्तानी गर्नुपर्ने देखिन्छ ।

टोल बिकास संस्था

माङसेबुङ गाँउपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७७ अनुसार वडा कार्यालयको सहयोगीका रुपमा काम गर्ने गरी टोल विकास संस्था गठन गर्नुपर्ने कार्यविधिगत प्रावधान रहेकोमा लेखा परीक्षण अवधिसम्म पालिकाका वडा नं २ बाहेकका सबै वडाहरुमा गठन गरिएको देखिन्छ ।

यसै कार्यविधिको दफा ५ मा वडा कार्यालयहरुले टोल विकास संस्थाको सूचीकरण गरी त्यस्ता संस्थालाई सूचीकृत गरेको प्रमाणपत्र उपलब्ध गराउनुपर्ने र सो को विवरण कार्यपालिकाको कार्यालयमा पठाउनु पर्ने व्यवस्था रहेको छ ।

कार्यालयमा यस सम्बन्धी कुनै पनि ठोस अभिलेख नभएकाले यस्ता संस्थाहरुको क्रियाशीतलताका सम्बन्धमा यकिन हुन सकिएन । तसर्थ यसै कार्यविधिको अनुकुल भएर टोल विकास संस्था सम्बन्धी थप प्रभावकारी कार्य गर्नु वडा तथा कार्यपालिका कार्यालयको कर्तव्य हुन जान्छ ।

आन्तरिक राजस्व तर्फ

डिसब कार्की
आ.ले.प. सहायक

CamScanner

ढुंगा, गिट्टी, बालुवा बापतको रकम

कार्यालयले आ.व. २०७९।८० मा नदीजन्य सामग्री बिक्री गर्ने प्रयोजनका लागि फाल्गुणा निर्माण सेवा विर्तामोडसँग भ्याट बाहेक १२,३१,०००।– मा ठेक्का स्वीकृत भई मिति २०७९।०९।२९ मा सम्झौता गरेको देखिन्छ ।

सो कम्पनीले कार्यालयबाट बाराम्बार ताकेता गर्दा पनि म्यादभित्र रकम दाखिला नगरी ढिलाई गरेको कारण निजसँग भएको सम्झौताको अधीनमा रही १०% का दरले ब्याज बापत हुन आउने रकम रु २७,१६२।८० पालिकाले तोकेको खातामा जम्मा गर्नुपर्ने देखिन्छ ।

साथै **स्थानीय सरकार संचालन ऐन, २०७४** को दफा ६४ बमोजिम ढुंगा, गिट्टी, बालुवा बापतको रकम तोकिए बमोजिम प्रदेश संचित कोषमा किस्तागत रुपमा जम्मा गर्नुपर्नेमा हालसम्म पनि सो नदेखिएकाले अनिवार्य दाखिला गरी भौचर पेश गर्नुपर्ने देखिन्छ ।

सडक पूर्वधार सेवा शुल्क

मिति २०७९।०५।०६ गते स्थानीय राजस्व परामर्श समितिको दोस्रो पटक बैठक बसी न्यूनतम रकम रु ८,५०,०००।–कायम गरी पून ठेक्का आह्वान गर्ने निर्णय गरेकोमा यस सम्बन्धी कुनै पनि कागजात पेश नभएकाले समितिको निर्णय कार्यान्यवन भए नभएको यकिन गर्न सकिएन ।

डिसब कार्की
आ.ले.प. सहायक

बजेट फ्रिज

आ.व. २०७९।८० मा पालिकालाई संघीय सरकार तथा प्रदेश सरकारबाट वितिय हस्तान्तरण मार्फत सशर्त अनुदान अन्तर्गत विनियोजन गरिएका कार्यक्रम तथा योजनाहरु कार्यान्वयन नभई रकम फिर्ता हुने गरेको देखिन्छ । यसरी बजेट फिर्ता हुने अवश्थाको अन्त्य गर्न स्रोत सुनिश्चित हुन साथ स्वीकृत बजेट तथा कार्यक्रम प्रचलित नियम तथा कानूनको परिधिमा रही कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन

पालिकाले यस आ.व. मा पत्रपत्रिका छपाई शीर्षकमा रकम विनियोजन गरी निभिन्न मितिमा विभिन्न पत्रपत्रिकामा सूचना प्रकाशन गरेको देखिन्छ ।यसरी प्रकाशन गर्दा बोलपत्र आह्वान गरी ठेक्का प्रक्रिया मार्फत गर्न सकिएको खण्डमा स्वच्छ प्रतिष्पर्धा मार्फत पारदर्शी ढंगले मितव्ययीपूर्वक सार्वजनिक खरिद ऐन र नियमावली अनुकूल भएर खरिद कार्य सम्पन्न हुने हुँदा सोही बमोजिम गर्नुपर्ने देखिन्छ ।

अमानतबाट कार्य

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४५ मा सामान्य प्रकृतिको मर्मत सम्भार साना तिना नियमित कार्य वा सरसफाई जस्ता कार्य अमानतबाट सम्पन्न गर्न सकिने व्यवस्था व्यवस्था रहेको छ ।

कार्यालयले नियमित प्रकृतिका बाहेक वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएका तपसिलका योजनाहरुको समेत अमानतबाट कार्य सम्पन्न गरेको देखिन्छ ।

डिसब कार्की

क्र.स.	कार्यक्रम वा योजनाको नाम	वडा	अमानतबाट कार्य गर्ने	रकम
१	नवालुङ नेपाल गाँउ सडक मर्मत	१	टिका माया नेपाल	१०००००
२	नवालुङ हुँदै सिँगतापे आउने सडक	१	टिका माया नेपाल	५००००
३	वडा कार्यालय मर्मत	४	इश्वर प्रसाद दाहाल	१०००००
४	युनिसेफ र माथिल्लो सुनगाभा खानेपानी मर्मत	२	हेमसागर घिमिरे	१०००००
५	साकेलाथान माङमालुङ मर्मत	६	काजीमान राई	५००००
६	दमार साकफारा सडक मर्मत	६	काजीमान राई	५००००
७	सेसेला फेनाबुङ ढुंगे सिढी निर्माण	५	माधव अधिकारी	१०००००
८	बावुन्देन ढुंगे सिढी निर्माण	५	माधव अधिकारी	१०००००

एभोकार्डोको विरुवा वितरण

कृषि उत्पादन प्रोत्साहन कार्यक्रम अन्तर्गत पालिकाले आ.व. २०७९।०८० मा रु ६,००,०००।- बजेट विनियोजन गरी रु ७५ का दरले जम्मा ६४६५ एभोकार्डोको विरुवा खरिद गरी ६ वटै वडाहरुमा वितरण गरेको श्रेस्ता अनुसार पाईयो ।

ति बिरुवाहरु खरिद भएकै परिमाणमा वास्तविक कृषकहरुलाई कुन सूचनाका आधारमा कति कतिका दरले वितरण गरियो यकिन हुन नसकिएकोले विरुवा वितरणको भर्पाई पेश हुनुपर्ने देखिन्छ ।

डिसब कार्की
आ.ले.प. सहायक

CamScanner

घाँस विकास कार्यक्रम

पालिकाले आ.व. २०७९।८० मा घाँस विकास कार्यक्रम अन्तर्गत विनियोजित बजेट मार्फत आर्थिक विकास समितिको निर्णय बमोजिम रेड नेपियर र स्मार्ट नेपियर घाँसका विरुवाहरु विभिन्न सप्लायर्सहरु बीच कोटेशन माग गरी खरिद कार्य सम्पन्न गरेको देखिन्छ ।

विगतका आ.व. देखिनै पालिकाले यस किसिमका कार्यक्रमहरु सञ्चालन गर्दै आएको देखिन्छ । यसरी निर्णय गरी यस्ता कार्यक्रम सञ्चालन गर्दै गर्दा पालिका क्षेत्र भित्र उत्पादन हुन सक्ने गत वर्षहरुमा नदोहोरिएका नयाँ नयाँ प्रजातिका बहुवर्षीय घाँसका विरुवाहरु आपूर्तिका आधारमा मात्रै नभई मागका आधारमा पनि वास्तविक कृषक पहिचान गरी वितरण गर्न सकिएको खण्डमा थप प्रभावकारी हुने देखिन्छ ।

कृषि उपजमा अनुदान

कृषि उत्पादन प्रोत्साहन कार्यविधि, २०७९ पारित गरी पालिकाले आ.व.०७९।०८० मा **दुध, दाल, स्कुस, मालि बाँस, केरा र कफी** जस्ता कृषि उपजहरुमा कार्यविधिमा तोकिए बमोजिम पुरस्कार रकम वितरण गर्ने कार्य सम्पन्न गरेको देखिन्छ । यसरी रकम वितरण गर्दा सम्बन्धित कृषकले उत्पादित सामग्रीको बिक्री मार्फत आयआर्जन गरेको छ छैन, कार्यविधिको उद्देश्य अनुरुपका कार्यहरु गर्न सकिए नसकिएको यकिन हुन सकिएन साथै मालि बाँसलाई झ्याङका आधारमा प्रोत्साहन गर्ने व्यवस्था रहेकोमा एकै झ्याङबाट बारम्बार प्रोत्साहित भइरहने हुँदा दोहोरो पर्न जाने सम्भावना रहने हुँदा साथै वितरणमुखी कार्यक्रम भएकोले बजारीकरण गर्न नसकिएको खण्डमा सार्वजनिक खर्चको सकरात्मक प्रतिफल प्राप्त गर्न नसकिने देखिन्छ ।

डिसेब कार्की
आ.ले.प. सहायक

पालिकाले यसरी कृषकहरुलाई प्रोत्साहनका रुपमा रकम वितरण गर्दा सम्बन्धित शाखाका कर्मचारीलाई जिम्मेवार बनाई पेश्की उपलब्ध गराएको देखिन्छ । यसरी पेश्की मार्फत रकम वितरण गर्दा कार्यालयको प्रशासनिक खर्च बढ्न जाने साथै सम्बन्धित लाभग्राहीले रकम पाए नपाएको यकिन गर्न नसकिने हुँदा सार्वजनिक खर्चको पारदर्शिताका लागि पेश्की निरुत्साहित गरी वैंक खाता मार्फत रकम वितरण गर्नुपर्ने देखिन्छ ।

पकेट विकास कार्यक्रम

माङसेबुङ गाँउपालिकाको साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ स्वीकृत गरी यस आ.व. मा पालिका क्षेत्र भित्र आ.व. २०७९।८० मा स्थापना भएका अदुवा तथा बेसार पकेट विकास कार्यक्रमलाई निरन्तरता दिएकोमा सार्वजनिक खर्चको अधिकाधिक प्रतिफल प्राप्त गर्न गत आ. व. मा के कति उत्पादन भयो, उत्पादित कृषि उपजको पहुँच बजार सम्म पुर्याउन सकियो सकिएन, पकेट क्षेत्रमा कुनै किसिमको रोग तथा किराको प्रकोप देखियो देखिएन, देखिएको भए त्यसको निदानका लागि के कस्ता वैकल्पिक पद्धतिको प्रयोग गरियो, पूनः त्यस क्षेत्रमा सो कार्यक्रमको निरन्तरता दिन सकिने नसकिने स्पष्ट व्यहोराको प्राविधिक प्रतिवेदन अनुसार मात्र यस्ता किसिमका कार्यक्रम निरन्तरता दिनु पर्दछ ।

आवास तथा भवन निर्माण तथा मर्मत

सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनिक कोषको उपयोग गरी खरिद तथा निर्माण कार्य सञ्चालन गर्दा सार्वजनिक कोषको अधिकतम प्रतिफल हासिल हुने गरी सार्वजनिक हितका निम्ति गर्नुपर्ने स्पष्ट व्यवस्था रहेको छ ।

डिसब कार्की
आ.ले.प. सहायक

CamScanner

पालिकले यस आ.व. मा अतिथि गृह व्यवस्थापन, कृषि विकास शाखा तथा पशु सेवा शाखा को मर्मत तथा पूनर्संरचना गर्ने कार्य गरेको देखिन्छ । लेखा परीक्षण गर्ने क्रममा कागजपत्रको जाँच गर्दा उक्त भवनहरु सार्वजनिकनै हुन भनि पुष्टी गर्ने प्रमाणहरु नदेखिएको हुँदा सार्वजनिक कोषको उपयोग सार्वजनिक हितकै लागि भयो भएन यकिन गर्न सकिएन ।

उपभोक्ता समितिबाट कार्य

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर, विटुमिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाइलर जस्ता हेभि मेशिन प्रयोग गर्नु परेमा लागत अनुमान तयारी गर्दाको समयमानै जटिल प्रकृतिको कार्य भएकाले हेभि इक्विपमेन्ट प्रयोग गर्नुपर्ने भनि सम्बन्धित प्राविधिकको सिफारिस र सार्वजनिक निकायको सहमतिमा त्यस्ता मेशिन प्रयोग गर्न सकिने व्यवस्था रहेको छ ।

यस पालिकाले आ.व. २०७९।८० मा उपभोक्ता समितिबाट निर्माण सम्बन्धी कार्य सम्पन्न गर्दा हेभि इक्विपमेन्ट प्रयोग गर्ने प्राविधिक सिफारिस बिनै सम्पन्न गरेकाले अनिवार्य रुपमा उल्लेखित खरिद कानूनको अधिनमा रहेर मात्र कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ ।

सहकारी

सहकारी शाखाको विवरण अनुसार माङसेबुङ गाँउपालिकाको कार्यक्षेत्र भित्र ११ सहकारी संस्थाहरु स्थापना भई सञ्चालनमा रहेका देखिन्छन ।

माङसेबुङ गाउपालिकाको सहकारी ऐन, २०७४ पारित गरी दर्ता गर्ने अधिकारीले संस्थाको जुनसुकै बखत अनुगमन प्रणालीमा आधारित भई निरीक्षण तथा अभिलेख

डिसब कार्की
आ.ले.प. सहायक

परीक्षण गरी सो को निरीक्षण प्रतिवेदन आ.व. समाप्त भएको मितिले ३ महिना भित्र गाँउ कार्यपालिकामा पेश गर्नुपर्ने व्यवस्था गरेको छ । (दफा ७३ मा बचत तथा ऋणको कारोवार गर्ने संस्थाको निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था गर्दै दर्ता गर्ने अधिकारीलाई सो अधिकार सुम्पेको देखिन्छ ।)

यसै अनुसार पालिकाले अनुगमन साथै आवश्यक निर्देशन समेत गरी सहकारी संस्थाको थप प्रभावकारी व्यवस्थापनमा ध्यान पुर्याउनु पर्ने देखिन्छ ।

वैकल्पिक उर्जा तर्फ

बैकल्पिक उर्जा प्रवर्दन कार्यक्रम अन्तर्गत यस पालिकाले आ.व. २०७९।८० मा उर्जा समितिको निर्णय बमोजिम सोलार प्यानल तथा सुधारिएको चुल्हो खरिद गरेको देखिन्छ । लेखा परीक्षण गरिएको अवधि सम्म पनि यसरी खरिद गरिएका सामग्रीहरु वितरण गरिएको देखिएन । यसो हुँदा यस्ता सामग्रीको गुणस्तरमा ह्रास आई प्रयोग गर्दा समस्या पर्न जाने हुन्छ । यसरी खरिद गर्दा स्रोत सुनिश्चित हुन साथ तोकिएको खरिद विधि अपनाई वर्षान्त हुनु भन्दा अगाडीनै खरिद गरी लक्षित वर्गको पहुँचमा पुर्याउनु पर्ने देखिन्छ ।

साथै यसरी खरिद गर्दा अनिवार्य रुपमा VAT मा दर्ता भएका फर्म वा कम्पनीबीच प्रतिष्पर्धा गराई खरिद गर्नुपर्ने व्यवस्था भएतापनि कार्यालयबाट आयकरमा मात्र दाखिला भएको फर्मसँग प्रतिष्पर्धा गराएकाले खरिद कार्य कानून बमोजिम प्रतिष्पर्धी तथा पारदर्शि भयो भएन यकिन गर्न सकिएन ।

संघ संस्थालाई अनुदान

माङसेबुङ गाँउपालिकामा **माङसेबुङ गाँउपालिकाको संस्थागत रुपमा आर्थिक सहायता उपलब्ध गराउन बनेको मापदण्ड, २०७९** कार्यान्वयनमा रहेको देखिन्छ ।

डिसब कार्की
आ.ले.प. सहायक

सो मा कानून बमोजिम दर्ता भई माङसेबुङ गाँउपालिकालाई कार्यक्षेत्र बनाएर आफ्नै कोषबाट वर्षमा १ लाखभन्दा बढीको जनहितकारी कार्यक्रम सचालन गरी गाँउपालिकाको वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्याउने संस्थालाई गाँउकार्यपालिकाको वैठकको निर्णय बमोजिम अधिकतम **बिस हजार** सम्म सहयोग उपलब्ध गराउन सकिने व्यवस्था रहेकोमा विभिन्न संस्थालाई मापदण्ड बिपरित आर्थिक सहायता वितरण गरिएको छ । यसरी कार्यविधि विपरित आर्थिक सहायता वितरण गरिएका केही संस्थाहरु

प्रेस चौतारी इलाम	रु १०००००
मदन भण्डारि फाउन्डेशन	रु ४००००
रेडियो नेपाल वाणी FM	रु ५००००
याक्थुङ फ्लिम्स प्रालि	रु ५००००
बुलन्द मल्टिटेक्निकल मिडिया प्रा. लि.	रु ५००००
बरबोटे ब्याडमिन्टन क्लब	रु ५००००
रत्न संचार बचत समूह	रु ५००००
अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन	रु ३००००
निङवासो युवा क्लब	रु १०००००
लिम्बु विद्यार्थी मञ्च	रु ४००००

बजार अनुगमन

नेपालको संविधानको धारा ४४ मा मौलिक हकको रुपमा उपभोक्ताको हकलाई उल्लेख गरिएको छ । सोही हकको कार्यान्वयनका लागि नेपालमा उपभोक्ता

डिसब कार्की
आ.ले.प. सहायक

संरक्षण ऐन, २०७५ का साथै प्रदेश बजार अनुगमन कार्यविधि, २०७६ लगायतका कानूनहरु प्रचलनमा रहेका छन् ।

पालिका क्षेत्र भित्र आ.व. २०७९।८० मा कुनै पनि बजार तथा पसल अनुगमन गरेको पाइएन । ऐन तथा कानूनमा भएको व्यवस्था प्रतिकुल नहुने गरी गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्दै गुणस्तरहीन वस्तु तथा सेवाको उपभोगबाट हुन जाने क्षतिलाई पूर्ति गर्न पालिकाले अनिवार्य रुपमा कार्ययोजना बनाई प्रभावकारी बजार अनुगमन गर्नुपर्ने देखिन्छ ।

डिसब कार्की
आ.ले.प.

CamScanner

माङसेबुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, इलाम
कार्यालयको कोड : ८०१०३५०४३००

आय व्ययको बिबरण

आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१-२०८०/०३/३१

आय

शीर्षक	प्रस्तावित आय	वास्तविक आय	आम्दानी(%)	मौज्दात
संघीय सरकार	३२,७६,८५,०००.००	२८,८४,८६,१८८.७८	८८.०४	३,९१,९८,८११.२२
१३३११ समानिकरण अनुदान	९,९१,००,०००.००	९,१६,६७,५००.००	९२.५	७४,३२,५००.००
१३३१२ शसर्त अनुदान चालु	१६,८४,८५,०००.००	१५,०५,५०,४१२.७८	८९.३६	१,७९,३४,५८७.२२
१३३१३ शसर्त अनुदान पुँजीगत	५,३१,००,०००.००	४,३७,६०,९१०.००	८२.४१	९३,३९,०९०.००
१३३१७ समपुरक अनुदान पुँजीगत	७०,००,०००.००	२५,०७,३६६.००	३५.८२	४४,९२,६३४.००
प्रदेश सरकार	३,७५,२३,०००.००	३,१७,४४,९१५.००	८४.६	५७,७८,०८५.००
१३३११ समानिकरण अनुदान	५२,०८,०००.००	४५,५७,०००.००	८७.५	६,५१,०००.००
१३३१२ शसर्त अनुदान चालु	२,२३,१५,०००.००	१,७१,८७,९१५.००	७७.०२	५१,२७,०८५.००
१३३१७ समपुरक अनुदान पुँजीगत	१,००,००,०००.००	१,००,००,०००.००	१००	०.००
राजस्व बाडफाड	८,८१,२२,६८०.००	६,०८,२६,८०५.८७	६९.०३	२,७२,९५,८७४.१३
११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर	८,२०,९२,०००.००	५,४५,८४,३७६.६९	६६.४८	२,७५,०७,६२३.३१
११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर	४६,६०,६८०.००	५०,५१,३९९.१८	१०८.३८	(३,९०,७१९.१८)
१४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय	१३,७०,०००.००	११,९१,०३०.००	८६.९४	१,७८,९७०.००
अन्तरिक श्रोत	९,८६,४५,४२६.३१	१०,१३,९४,३९६.०४	१०२.७९	(२७,४८,९६९.७३)
११३१३ एकीकृत सम्पती कर	१,००,०००.००	१,७९,६४३.००	१७९.६४	(७९,६४३.००)
११३१४ भुमिकर/मालपोत	३,५०,०००.००	६,९६,८३२.००	१९९.०९	(३,४६,८३२.००)
११३२१ वहाल कर	५०,०००.००	१,२०,६६३.२३	२४१.३३	(७०,६६३.२३)
११३२२ वहाल विटौरी कर	२०,०००.००	०.००	०	२०,०००.००
११४७९ अन्य मनोरञ्जन कर	१५,०००.००	२,१९८.००	१४.६५	१२,८०२.००
११६९१ अन्य कर	१,६०,०००.००	१५,५८,२६४.००	९७३.९२	(१३,९८,२६४.००)
१४२२४ परीक्षा शुल्क	२५,०००.००	३८,०००.००	१५२	(१३,०००.००)
१४२२५ यातायात क्षेत्रको आम्दानी	४,००,०००.००	०.००	०	४,००,०००.००
१४२२९ अन्य प्रशासनिक सेवा शुल्क	४,००,०००.००	६,९५,११४.००	१७३.८	(२,९५,११४.००)
१४२४३ सिफारिश दस्तुर	२,६०,०००.००	४,४२,२४६.००	१७०.०९	(१,८२,२४६.००)
१४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर	२०,०००.००	१७,७००.००	८८.५	२,३००.००
१४२४५ नाता प्रमाणित दस्तुर	२०,०००.००	८,९९०.००	४४.९५	११,०१०.००
१४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर	१,००,०००.००	३५,६००.००	३५.६	६४,४००.००
१४२५४ रेडियो/ एफ.एम.सञ्चालन दस्तुर	१०,०००.००	०.००	०	१०,०००.००
१४२६५ अन्य क्षेत्रको आय	१,००,०००.००	९,९४,५७२.५०	९९४.५७	(८,९४,५७२.५०)
१४५२९ अन्य राजस्व	२०,००,०००.००	२०,६४,६०७.००	१०३.२३	(६४,६०७.००)
१५१११ बेरूजू	१,००,०००.००	२४,४६०.००	२४.४६	७५,५४०.००
३२१२२ बैंक मौज्दात	९,४५,१५,४२६.३१	९,४५,१५,४२६.३१	१००	०.००
जम्मा	५५,१९,७६,१०६.३१	४८,२४,५२,३०५.६९	८७.४	६,९५,२३,८००.६२

व्यय

शीर्षक	बार्षिक बजेट	खर्च	खर्च(%)	मौज्दात
चालु	३३,२८,१७,९११.३१	२८,३६,७३,६२५.२७	८५.२३	४,९१,४४,२८६.०४
२१११११ पारिश्रमिक कर्मचारी	१६,४८,८६,७६०.००	१५,२४,४३,९५२.१०	९२.४५	१,२४,४२,८०७.९०
२११२१ पोशाक	४,३०,०००.००	३,३०,०००.००	७६.७३	१,००,०००.००
२११३१ स्थानीय भत्ता	१,२६,०००.००	१६,९५७.००	१३.४६	१,०९,०४३.००
२११३२ महंगी भत्ता	७,५०,०००.००	५,३३,३३४.००	७१.११	२,१६,६६६.००
२११३३ फिल्ड भत्ता	७,००,०००.००	५,४३,९८७.००	७७.७	१,५६,०१३.००
२११३४ कर्मचारीको बैठक भत्ता	७,४०,०००.००	६,४१,४००.००	८६.६८	९८,६००.००
२११३९ अन्य भत्ता	१०,००,०००.००	८,९४,०००.००	८९.४	१,०६,०००.००
२११४१ पदाधिकारी बैठक भत्ता	१५,००,०००.००	९,६०,०००.००	६४	५,४०,०००.००
२११४२ पदाधिकारीअन्य सुबिधा	५८,१०,०००.००	५३,३५,७६८.००	९१.८४	४,७४,२३२.००
२१२१४ कर्मचारी कल्याण कोष	२,७०,०००.००	०.००	०	२,७०,०००.००
२२१११ पानी तथा बिजुली	२,५०,०००.००	९७,४२६.००	३८.९७	१,५२,५७४.००
२२११२ संचार महसुल	७,५७,०००.००	४,६१,०१८.००	६०.९	२,९५,९८२.००
२२२१२ इन्धन (कार्यालय प्रयोजन)	२४,००,०००.००	१८,७९,२१७.००	७८.३	५,२०,७८३.००
२२२१३ सवारी साधन मर्मत खर्च	२७,५०,०००.००	२३,४५,२४९.००	८५.२८	४,०४,७५१.००
२२२१४ बिमा तथा नवीकरण खर्च	२,५०,०००.००	१,७५,४३२.००	७०.१७	७४,५६८.००
२२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	६,८४,०००.००	५,२०,१८३.००	७६.०५	१,६३,८१७.००
२२३११ मसलन्द तथा कार्यालय सामाग्री	२३,४५,०००.००	१९,९१,६०५.००	८४.९३	३,५३,३९५.००
२२३१३ पुस्तक तथा सामग्री खर्च	४०,६६,०००.००	३९,९५,८७०.००	९८.२८	७०,१३०.००
२२३१४ इन्धन - अन्य प्रयोजन	५०,०००.००	०.००	०	५०,०००.००
२२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	४१,१०,२४०.००	३८,७३,५१२.००	९४.२४	२,३६,७२८.००
२२३१९ अन्य कार्यालय संचालन खर्च	१,००,०००.००	१४,४७०.००	१४.४७	८५,५३०.००
२२४११ सेवा र परामर्श खर्च	३०,००,०००.००	१७,८०,३००.००	५९.३४	१२,१९,७००.००
२२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च	२,००,०००.००	०.००	०	२,००,०००.००
२२४१३ करार सेवा शुल्क	१,२५,३०,६८०.००	१,२०,१०,२५९.००	९५.८५	५,२०,४२१.००
२२५११ कर्मचारी तालिम खर्च	३,५०,०००.००	३,०३,९१४.००	८६.८३	४६,०८६.००
२२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च	१५,००,०००.००	६,३६,७७२.००	४२.४५	८,६३,२२८.००
२२५२१ उत्पादन सामग्री / सेवा खर्च	११,६०,०००.००	१२,२७०.००	१.०६	११,४७,७३०.००
२२५२२ कार्यक्रम खर्च	५,६४,२७,०००.००	३,५५,६०,३३१.००	६३.०२	२,०८,६६,६६९.००
२२५२९ विविध कार्यक्रम खर्च	२५,१८,०००.००	११,७०,३७५.००	४६.४८	१३,४७,६२५.००
२२६११ अनुगमन, मूल्यांकन खर्च	२७,४७,०००.००	१८,५८,९२५.००	६७.६७	८,८८,०७५.००
२२६१२ भ्रमण खर्च	६,२०,०००.००	४,६७,६००.००	७५.४२	१,५२,४००.००
२२७११ विविध खर्च	९५,९२,०००.००	८०,७६,८२३.००	८४.२	१५,१५,१७७.००
२२७२१ सभा सञ्चालन खर्च	२,००,०००.००	१,७४,३३०.००	८७.१७	२५,६७०.००
२७२१३ औषधीखरिद खर्च	१६,००,०००.००	१५,९२,९८२.००	९९.५६	७,०१८.००
२८१४२ घरभाडा	९,००,०००.००	८,३७,९००.००	९३.१	६२,१००.००
२८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा	१५,८०,०००.००	९,५४,९००.००	६०.४४	६,२५,१००.००
२८२१९ अन्य फिर्ता	४,३९,१८,२३१.३१	४,११,८२,५६४.१७	९३.७७	२७,३५,६६७.१४
पूंजीगत	२१,९१,५८,१९५.००	१६,४०,९२,९८५.२७	७४.८७	५,५०,६५,२०९.७३
३११११ आवासीय भवन निर्माण/खरिद	७,५०,०००.००	७,४६,४००.००	९९.५२	३,६००.००
३१११२ गैर आवासीय भवन निर्माण/खरिद	४,०७,९२,१९५.००	३,६३,८२,३६८.००	८९.१९	४४,०९,८२७.००
३११२१ सवारी साधन	६७,००,०००.००	५९,४०,०००.००	८८.६६	७,६०,०००.००
३११२२ मेशिनरी तथा औजार	४०,५०,०००.००	३७,९३,४९३.००	९३.६७	२,५६,५०७.००
३११२३ फर्निचर तथा फिक्चर्स	११,००,०००.००	११,००,०००.००	१००	०.००
३११३२ अनुसन्धान तथा विकास सम्बन्धी खर्च	८०,००,०००.००	१५,८३,६९५.००	१९.८	६४,१६,३०५.००
३११५१ सडक तथा पूल निर्माण	३,९७,००,०००.००	३,०१,६८,०२८.२७	७५.९८	९५,३१,९७१.७३
३११५३ विद्युत संरचना निर्माण	४५,५०,०००.००	३२,२२,८३५.००	७०.८३	१३,२७,१६५.००
३११५५ सिंचाई संरचना निर्माण	४,२६,११,०००.००	३,०९,४२,१२४.००	७२.६२	१,१६,६८,८७६.००
३११५६ खानेपानी संरचना निर्माण	७८,३०,०००.००	५२,७४,८४८.००	६७.३७	२५,५५,१५२.००
३११५८ सरसफाई संरचना निर्माण	२,००,०००.००	२,००,०००.००	१००	०.००
३११५९ अन्य सार्वजनिक निर्माण	६,२६,२५,०००.००	४,४४,८९,१९४.००	७१.०४	१,८१,३५,८०६.००
३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च	२,५०,०००.००	२,५०,०००.००	१००	०.००
जम्मा	५५,१९,७६,१०६.३१	४४,७७,६६,६१०.५८	८१.१२	१०,४२,०९,४९५.७७